स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




प्रदीप खड्का नेपाली फिल्म उद्योगमा वर्तमान समयका सुपरस्टार हुन् । 'प्रेमगीत'बाट चर्चामा छाएका खड्काको पछिल्लो फिल्म 'प्रकाश' हो । 'प्रकाश' अगाडि उनको फिल्म 'प्रेमगीत-३' आएको थियो । यसको रिलिज नेपाल र भारतमा एकसाथ भयो । भारतीय हलमा कमर्सियल रूपमा फिल्म रिलिज भएको यो नै पहिलो हो । प्रदीप अहिले हिन्दीसहित केही भाषामा निर्माण हुने फिल्म 'ऐरी' अभिनय गर्दै छन् । 'ऐरी' मार्फत ग्लोबल मार्केट विस्तारका लागि गरेकाले नेपाली फिल्ममा केही समय दुरी बढेको उनी बताउँछन् ।

**आजको विचार...**



रञ्जित तामाङ

जनता...

(दुई पेजमा)



सामाजिक संजालमा प्रकाश सपुत अभिनित एक पुरानो म्युजिक भिडियो छायांकन बेलाको एक क्लिप यतिबेला भाइरल छ । उक्त दृश्यमा सपुत र जुना विश्वकर्मा वसन्तपुरको एक पानी ट्यांकीमाथि नाचिरहेका छन् । हुन त यो भिडियो चार महिनाअघिको हो । यो म्युजिक भिडियोको कोरियोग्राफी शंकर बीसीले गरेका थिए । तर, यसबेला आएर सपुतले संजालमा गाली गाइरहेका छन् । 'जीवित देवी' कुमारीले खानेपानीका लागि प्रयोग गर्ने बताइएको उक्त ट्यांकी माथि उभिएर नाचेपछि सपुत आलोचित छन् । उक्त गीतको पुरै छायांकन वसन्तपुर क्षेत्रमा भएको थियो ।


❒ वर्ष २९ ❒ अंक १२८ ❒ २०८० मंसिर २० गते बुधबार 6 December 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# रानीवन तथा वडभान वनमा पर्यटन विकास गरिंदै

**रासस**

**रामपुर (पाल्पा),** मंसिर १७/ सामान्यत: घाँस, दाउरा, स्याउलाका रुपमा मात्र प्रयोग गरिने सामुदायिक वनक्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न लागिएको छ । वन क्षेत्रभित्र सम्भावित क्षेत्रमा पूर्वाधार निर्माणमा उपभोक्ताको सक्रियता बढ्दो छ ।

पर्यटन क्षेत्रको प्रचुर सम्भावना बोकेको पाल्पा रामपुर नगरपालिका-४ स्थित रानीवन तथा वडभान सामुदायिक वन अहिले पर्यटकीय क्षेत्रको रुपमा विकास गरिएको छ । करिब एक सय तीन दशमलव १२ हेक्टरको यस वनको विभिन्न स्थानमा पर्यटकीय संरचना तयार पारिएको छ । वन क्षेत्रको ब्लक नं ५ मा लखनपार्क, बरडाँडा क्षेत्रमा रानीपोखरी निर्माण, दृश्यावलोकन स्तम्भ (भ्यु टावर) निर्माणाधीन, वडभान क्षेत्रमा अम्रिसो खेती, तेजपत्ता खेतीसँगै पर्यटकीय पूर्वाधार विकासका कार्य भइरहेको वन समूहका अध्यक्ष प्रेमबहादुर पोखरेल बताउँछन् । बरडाँडा वनको बीच भागमा निर्माण गरिएको रानीपोखरी यतिबेला सबैलाई लोभ्याउने खालको छ । यहाँ लुम्बिनी प्रदेश सरकारको



फाइल फोटो

'एक पालिका, एक पोखरी' निर्माण गर्ने कार्यक्रम अन्तर्गत रु चार लाख सहयोगमा रामपुर नगरपालिकाले वडा नं ४ मा रहेको रानीवन तथा वडभान सामुदायिक वनलाई छनोट गरी पोखरी निर्माण गरेको वडाध्यक्ष रामबहादुर रानाले बताए । "सामुदायिक वनलाई घाँसदाउरा र स्याउलाको उपयोगमा मात्र सीमित राखिनुहुदैन" उनले भने, "हरियाली वनजंगल संरक्षण गर्दै आवश्यक पूर्वाधार निर्माण गरेर पर्यटकीय क्षेत्रको रुपमा विकास गरियो भने आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिन्छ, नगरपालिकाले यस कुरामा जोड दिएको छ" । यो पोखरी वन क्षेत्रको बीच भागमा अवस्थित छ, त्यहाँबाट तलतिर रामपुर बजार अवलोकन गर्न सकिने, हरियाली मनोरम दृश्य, चारैतिर जंगलले घेरेकाले हरियाली मनोरम दृश्य हेर्दै घुम्न लायकको वातावरण छ । यहाँ रानीपोखरी निर्माणमा मात्र करिब रु पाँच लाख खर्च भएको छ । वन क्षेत्रमा अवलोकन गर्न पुगेका पर्यटकलाई चिसो हावापानीका साथै जंगली जनावर, चराचुरुङ्गीको लागि पानी खुवाउन पोखरी निर्माण गरिएको हो ।

*(...बाँकी अन्तिम पेजमा)*

## सक्षिप्त समाचार

### ड्रोन दुर्घटनामा ८५ सर्वसाधारणको मृत्यु



**(रासस/एएफपी)**

**लागोस,** मंसिर १९/नाइजेरियाली सेनाको ड्रोन दुर्घटना हुँदा देशको उत्तरपश्चिमी कादुना राज्यको एउटा गाउँमा कम्तिमा ८५ सर्वसाधारणको मृत्यु भएको राज्य सञ्चालित आपतकालीन एजेन्सीले जनाएको छ ।

उत्तरपश्चिम क्षेत्रीय कार्यालयले स्थानीय अधिकारीबाट प्राप्त गरेको विवरण अनुसार अहिलेसम्म ८५ वटा शव प्राप्त भएको छ भने, अन्य हराइरहेका मानिसको खोजी जारी रहेको राष्ट्रिय आपतकालीन व्यवस्थापन एजेन्सीले आफ्नो फेसबुक पेजमा मंगलबार उल्लेख गरेको छ ।

यता सेनाले भने असाबधानीले ड्रोन दुर्घटना हुँदा मुस्लिम पर्व मनाउँदै गरेका मानिस पीडित भएको बताएको छ । यद्पि सेनाले कुनै हताहतीको तथ्याङ्क दिएको छैन । तर त्यहाँका बासिन्दाले भने ८५ जना मारिएको दाबी गरेका छन् ।

## आगामी जेठमा महाधिवेशन गर्ने एकीकृत समाजवादीको निर्णय

**पाल्पा,** मंसिर १९/एकीकृत समाजवादीले आगामी जेठमा मात्र महाधिवेशन गर्ने भएको छ । सोमबार बसेको केन्द्रीय सचिवालयको बैठकले आगामी जेठमा मात्र महाधिवेशन गर्ने निर्णय गरेको हो ।

प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाका अनुसार माघ १४-१८ का लागि तोकिएको महाधिवेशन २०८१ जेठ ३ गतेदेखि ७ गतेसम्म काठमाडौंमा हुनेछ । महाधिवेशनमा पेश गर्ने दस्तावेजहरुको मस्यौदा गर्न पार्टीका अध्यक्ष माधवकुमार नेपालको नेतृत्वमा २७ सदस्यीय समिति बनाइएको छ । माघमा भने राष्ट्रिय सम्मेलन हुने भएको छ । पार्टीको विधानका कतिपय व्यवस्थामा छलफल गर्नुपर्ने भएकाले माघ १४ र १५ मा राष्ट्रिय सम्मेलन गर्ने निर्णय भएको खतिवडाले बताए । 'राष्ट्रिय सम्मेलनमा कतिपय विधानको व्यवस्थाबारे पनि छलफल गर्नुपर्ने भएको छ, यसका लागि पनि कार्यदल बनाएका छौं' उनले भने । कार्यदलमा




उपाध्यक्ष देवुराम भुसाल, महासचिव घनश्याम भुसाल र उपमहासचिव प्रकाश ज्वाला छन् । व्यवस्थापनका लागि अर्को समिति बनेको छ । राष्ट्रिय सम्मेलनभन्दा अगाडि मंसिर २८ र २९ सचिवालय, पुस ९ गते स्थायी कमिटी, १० गते पोलिब्यूरो तथा ११ र १२ केन्द्रीय कमिटीको बैठक बोलाइएको छ । प्रचार विभाग प्रमुख खतिवडाका अनुसार केन्द्रीय महाधिवेशन भन्दा अगाडि प्रदेश र जिल्ला अधिवेशन हुनेछ ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## स्वरोजगारी र युवा

नेपालको कुल जनसंख्याको पच्चिस प्रतिशत युवा अहिले पनि रोजगारीको खोजीमा छन् । उनीहरु कतिपय विदेशी भूमिमा जान बाध्य छन् भने कतिपयले स्वदेशमै आशा बोकेर बसिरहेका छन् । युवा स्वरोजगारी र युवा उद्यमशीलताका विषयमा व्यापक विचार विमर्श हुने गर्छन् तर त्यसको सही कार्यान्वयन भने हुन सकेका छैनन् । समस्याहरु उजागर हुन्छन्, समाधानको प्रयासका लागि योजना बन्छन्, तर सही र वास्तविक कार्यान्वयनमा आउँन गाह्रो छ । नेपालले हरेक आर्थिक वर्षको नीति र कार्यक्रममा यी र यस्ता विभिन्न खालका योजनाहरु समावेश गर्ने गर्छ तर कार्यान्वयनको पाटो भने उपयुक्त र प्रभावकारी देखिदैन । सरकारको नीति र कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन नहुँदा हरेक कोणबाट देशका लाखौ युवाहरु बेरोजगार विहीन भएका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता अत्यावश्यक र न्यूनतम जनताका आवश्यकतालाई परिपूर्ति गर्ने तर्फ सरकारको ध्यान पुग्न नसक्दा युवालाई देशमै टिकाउन सक्ने वातावरण बनेको छैन । बेरोजगारका लागि सीप र दक्षता अनुसारको रोजगारी, उनीहरुको जागर र जोसलाई आर्थिक सम्वृद्धिको बाटोमा लग्न सकियो भने मात्र देशले असल, जिम्मेवार नागरिक प्राप्त गर्ने हुँदा राज्यको ध्यान त्यसतर्फ जानु जरुरी छ ।

उच्च शिक्षा प्राप्तिसगै आर्थिक उपार्जनका लागि विदेशिएका पाँच लाखभन्दा धेरै युवा नेपालमै फर्केर केही गरौं भन्ने सोंचमा देखिन्छन् तर उनीहरुको सोंचसँग हाम्रा नीति र कार्यक्रमहरु तालमेल खादैनन् । उनीहरुका लागि अनुदान भन्दा पनि सही र सदाचारी श्रमको व्यवस्थापनका साथै देश र माटोले मागेको भूगोल, बजारीकरणमा पनि तालमेल खानेखालका नीतिहरुलाई कार्यान्वयन गर्नुको विकल्प छैन । युवा विदेश पलायन भए भनेर चिन्ता गर्नुको साटो विदेशको अनुभव र जागर अनि सीप बोकेर स्वदेश आउँदै गरेका युवालाई स्वदेशमै टिकाउने खालको उच्च सोंच बन्नुपर्ने हुन्छ । अनि मात्र स्वरोजगार र रोजगारीका सम्भावनाहरुले ठाउँ पाउँछन् र युवाले स्वदेशमै केही गर्न सकिन्छ भन्ने प्रतिफलको आशमा काम सुरु गर्न सक्छन् । अन्यथा भाषण र खोक्रा नीतिले देश बन्दैन, युवा पलायन रोकिदैन ।

# निरन्तर तिखार विचार र व्यवहारका खिया निखार



खगेन्द्रराज सिटौला

***राज्य र समाजका हरेक अंगका, हरेक व्यवसाय पेशाका सबै व्याक्ति र शक्तिलाई बुझ्नु पर्दछ । सबै किसिमको तालिम प्राप्त र प्रशिक्षित जनशक्ति र सुरक्षाशक्तिले मात्र राष्ट्र जोगाउन र जगाउन सक्छ भन्ने विश्लेषण निकालेर नै नियमित तिखारिरहने विचार अघि सारेका हुन् नेपालका राष्ट्रनिर्माताले । तालिम र प्रशिक्षण, विचारगोष्ठी सिकाई सम्बन्धीका हरेक कक्षाहरु सबै पृथ्वीविचारका तिखारिरहनेका आधुनिक परिमार्जित शब्दहरु मात्र हुन् । देशवासीको तन मन मस्तिष्क याने विचारमा खिया लाग्यो भने सिंगो राष्ट्रमा खिया लाग्दछ । खिया लागेका जनता र राष्ट्रको आयु लामो हुँदैन । यो छिटै टुट्न सक्छ । जनता बुद्ध भए भने पनि राष्ट्र उठ्न सक्दैन । विदेशी परचक्रीहरुले देशवासीको मन–मस्तिष्कमा ठाउँ जमाए भने वा जमाउन पाए भने मुलुकको भविश्य रहँदैन । राज्य सञ्चालनको जिम्मेवारी पाएकाहरु पतीत, भ्रष्ट, र अयोग्य भए भने पनि त्यो मुलुक उँभो लाग्दैन ।***

हतियारलाई साँध लगाएर धारिलो बनाए जस्तै राज्यका सबै अंगलाई साँध लगाएर खियारहित धारिलो र तिखो बनाउने कार्यलाई निरन्तरता दिइरहनु पर्ने निर्देशन राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले अघि सारेका छन् । यो पृथ्वीविचारको राज्यका सबै अंगलाई सधैं तिखार र विचार र व्यवहारका सबै खिया निखार भन्ने शक्तिशाली निर्देशन विचार हो । यो विश्वव्यापी सत्य अनिवार्य शर्त र आवश्यकता पनि हो । पृथ्वीनारायणको तिखार्ने र विचार र व्यवहारका खिया निखार्ने विचारलाई आज छलफलको प्रमुख विषय बनाएर अघि बढौं । किनभने सबै क्षेत्रलाई सवल र सफल बनाउन विचार र व्यवहारका खिया निखार्ने कार्यलाई महत्वकोसाथ निरन्तरता र जोड दिनै पर्दछ । "सिपाही भन्याको तिषारिरहनु. तिखारिराख्याका सिपाही कसैका मालाजामा पस्दैनन् र आफ्नु काज फत्य हुन्छ ।" यसको अर्थ हो-निरन्तर तालिम निरन्तर प्रशिक्षण । तालिम र प्रशिक्षणलाई सबै क्षेत्रमा नियमित र निरन्तरत चलाइरहनु भनेको राज्ययन्त्र र राज्यमन्त्रलाई सधैं चुस्त दुरुस्त बनाइरहनु हो । पृथ्वीविचारको तिखारिरहनुको अर्थ र आशय व्यापक छ । यो राज्यका सबै अंगमा चलाइरहने तालिम र प्रशिक्षणको प्याकेज कार्यक्रम हो ।

अझ व्यापक अर्थमा नेता जनता र राज्यका सबै अंगहरुमा सबैमा सधैं तलिम र प्रशिक्षण दिइरहने अनिवार्य राष्ट्रिय महत्वको जिम्मेवारी हो । भनिन्छ नागरिक विना बर्दीका सिपाही हुन् । यो बर्दी लाउने नलाउने सबैलाई साँध लगाई रहने कार्यक्रम हो । अर्थात् यो तिखारिरहनुलाई केवल सेना, पुलिस वा सुरक्षा अंग सम्बन्धीलाई मात्र बुझिनु हुँदैन । राज्य र समाजका हरेक अंगका, हरेक व्यवसाय पेशाका सबै व्याक्ति र शक्तिलाई बुझ्नु पर्दछ । सबै किसिमको तालिम प्राप्त र प्रशिक्षित जनशक्ति र सुरक्षाशक्तिले मात्र राष्ट्र जोगाउन र जगाउन सक्छ भन्ने विश्लेषण निकालेर नै नियमित तिखारिरहने विचार अघि सारेका हुन् नेपालका राष्ट्रनिर्माताले । तालिम र प्रशिक्षण, विचारगोष्ठी सिकाई सम्बन्धीका हरेक कक्षाहरु सबै पृथ्वीविचारका तिखारिरहनेका आधुनिक परिमार्जित शब्दहरु मात्र हुन् । देशवासीको तन मन मस्तिष्क याने विचारमा खिया लाग्यो भने सिंगो राष्ट्रमा खिया लाग्दछ । खिया लागेका जनता र राष्ट्रको आयु लामो हुँदैन । यो छिटै टुट्न सक्छ । जनता बुद्ध भए भने पनि राष्ट्र उठ्न सक्दैन । विदेशी परचक्रीहरुले देशवासीको मन-मस्तिष्कमा ठाउँ जमाए भने वा जमाउन पाए भने मुलुकको भविश्य रहँदैन । राज्य सञ्चालनको जिम्मेवारी पाएकाहरु पतीत, भ्रष्ट, र अयोग्य भए भने पनि त्यो मुलुक उँभो लाग्दैन । विश्वमा विकसित भइरहेका प्रविधि र परिवर्तनलाई बुझ्न र अपनाउन सकेन भने पनि मुलुकले विकास र अग्रगमनको गति पक्रन सक्दैन । विदेशीहरुको स्वार्थ, षड्यन्त्र घुसपैठले देशवासीको भावनात्मक एकता टुट्न गयो भने राष्ट्र नै छिन्नभिन्न हुनसक्छ । धार्मिक साम्प्रदयिक डढेलो सल्कियो भने राष्ट्र नै खरानी हुन कति पनि समय लाग्दैन । अशिक्षित, रुढिवादी, अन्धविश्वासी र सबै किसिमले पछौटे अवैज्ञानिक समाज भइरह्यो भने राष्ट्रले कसरी गति लिन सक्छ ? आदि इत्यादि नकारात्मक पाटाहरुलाई सकारात्मक पाटामा रुपान्तरण गर्नको लागि नै पृथ्वीविचारको तिखारिरहनु आकर्षित भइरहन्छ । यसैले हामी यसको अर्थ र महत्व बुझ्न सक्छौं । राष्ट्रलाई ओइल्याउन नदिनको लागि र सबै किसिमले बलियो बनाउनका लागि नै पृथ्वीनारायणले तिखारिरहनुको विचार अघि सारेका हुन् । तिखारिहनुको तात्पर्य हो वैचारिक क्रान्तिको निरन्तरता र आधुनिक प्रविधि र वैज्ञानिक प्रणालीको व्यवहारिकता । अर्थात् विचार र व्यवहारमा प्रशिक्षणको निरन्तरता । विचार र व्यवहारलाई परिमार्जन र परिष्कृत गरिरहनु निरन्तर क्रान्तिकारी दिशामा अघि बढिरहनको लागि तिनलाई तिखारिरहनु पर्दछ । विचारधारात्मक रुपमा राजनीति नेतृत्वले आफू र आफ्ना कार्यकर्तालाई तिखारिरहँदैन भने उसले आफ्नो लक्ष्य हासिल गर्न सक्दैन । उसले आफ्नो पथ विराउन सक्छ । सेनालाई देशभक्त बनाउन सकिएन भने र बारम्बार तिखारेर उसलाई दक्ष नबनाएमा न उसले परेको बेला युद्ध नै जित्न सक्छ न देशको रक्षा नै गर्न सक्छ । त्यस्तै प्रहरीलाई पनि बारम्बार तिखारिएन भने न उ स्वच्छ हुनसक्छ न न अपराधीलाई नियन्त्रण गर्न सक्छ न आन्तरिक शान्ति सुरक्षा नै दिनसक्छ ।

खेलाडी खेल जिताउन प्रशिक्षणको कति महत्व हुन्छ सबैले जानेकै विषय हो । यसैले तिखारिरहनुको अर्थ र क्षेत्र व्यापक छ । बिनाप्रशिक्षण राज्यका कर्मचारीहरु न दक्ष हुन सक्छन् न स्वच्छ भएर उच्च नैतिकता र मनोबलका साथ देश र जनताको सेवा दिने योग्य भएका हुन्छन् । राम्रो उत्पादन बढाउन र आ आफ्नो पेशामा दक्ष बनाउन किसान मजदुरलाई पनि तिखारिरहनु पर्दछ । सबै यो क्षेत्रमा व्यवसायिक दक्षता हासिल गर्न गराउन पनि नियमित तिखार्ने कार्यक्रम संचालन गरिरहनु पर्दछ । असल परिणामका लागि शिक्षक विद्यार्थीलाई नियमित तिखार्ने कार्यक्रम झनै महत्वको छ । राष्ट्रियताको संरक्षण, राष्ट्रिय एकता र राष्ट्रिय समृद्धिको लागि आम देशवासीलाई नियमित तिखारिरहनु झनै महत्वको विषय हो । देशवासीहरु विदेशी स्वार्थको पोल्टामा नपरुन् भनेर अथवा पर्लान् कि भन्ने चिन्ताले पनि पृथ्वीनारायण शाहले नियमित तिखार्ने विचारलाई जोड दिएका हुनुपर्छ । यस हिसाबले हेर्दा यो तिखार्ने अभियान राष्ट्रिय सुरक्षाको लागिसमेत राष्ट्रिय महत्वको नगरी नहुने प्राथमिक कार्य हो । अर्को शब्दमा भन्दाखेरि तिखार्ने कार्य राष्ट्रिय प्रतिरक्षाको बलियो अश्त्र पनि हो । सबै किसिमका सोधपत्र, अध्यायन र अनुसन्धान, छलफल र विचार गोष्ठीहरु अथवा तालिम, प्रशिक्षण या वौद्धिक वहसहरु तर्क वितर्कहरु सबै पृथ्वीविचारका तिखारिरहनेका पाटा र बाटाहरु हुन् । ज्ञान विज्ञान वैज्ञानिक अनुसन्धान या नविन प्रविधिको प्रयोग होस् कि या पुरानो प्रविधिको परिमार्जन अथवा आधुनिककरण गरिएको होस् सबै पृथ्वीविचारका तिखार्ने विचारका पाटाहरु हुन् । एकै शब्दमा भन्दा सिंगो मुलुक पृथ्वीविचारको निरन्तर तिखारिरहने एउटा विशाल कक्षा कोठा हो । हो तिखारिरहने कक्षा कोठा निरन्तर चलिरहनु पर्दछ । विश्वभरका हरेक तालिम, प्रशिक्षण केन्द्र या सबै सिकाइका सबै कक्षा कोठाहरु सबै हाम्रा पृथ्वीविचारका तिखारिरहने विश्वविद्यालय र पाठशालाहरु हुन् ।

अहिले नेपालले राष्ट्रव्यापी रुपमा तिखार्ने अभियान खोजेको छ । देशभक्तिको प्रशिक्षण खोजेको छ । नेपाली राष्ट्रियता र राष्ट्रिय एकताको प्रशिक्षण खोजेको छ । जनअधिकार र जनकर्तव्यको प्रशिक्षण खोजेको छ । भ्रष्टाचार विरोधी सुशासनको प्रशिक्षण खोजेको छ । राजनीति संस्कार र सस्कृतिको प्रशिक्षण खोजेको छ । अनुकरणीय जनमूखी स्वदेशमुखी पृथ्वीविचारले निर्देशित साझा फूलबारी प्रजातन्त्रको प्रशिक्षण खोजेको छ । साँचो अर्थमा समतामूलक समाज र समाजव्यवस्थाको लागि प्रशिक्षण खोजेको छ । विदेशी धर्म संस्कृतिले विकृत बनाउँदै र कमजोर बनाउँदै लगेको स्वदेशी तथा रैथाने मौलिक धर्म संस्कृति जोगाउने उपायाको प्रशिक्षण खोजेको छ । नेपालीपन र मनलाई संगठित बनाएर सवल समृद्ध नेपाल बनाउने उपायाको प्रशिक्षण खोजेको छ । सबै क्षेत्रका विकृति निखार्ने भनेको नै पृथ्वीविचारको तिखार्ने अभियान हो । सबै क्षेत्रमा सवल नागरिक बनाएर सफल र उज्याले र शक्तिशाली नेपालको लागि लामवद्ध लगाउने भनेको नै पृथ्वीविचारले भनेजस्तो तिखारिएका र तिखरिएका मात्र नेपालीहरु सबैतिर सबैक्षेत्रमा छाइरहनु हो । सबभन्दा पहिला त मुलुक सन्चालनको जिम्मा लिने राजनीति दलले नै आफूलाई तिखार्न थाल्नु पर्दछ र आफूमा खिया छ भने निखार्न लाग्नु पर्दछ । दल भनेको साइनबोर्ड कुर्सी र कार्यलय होइन । नीति र नेतृत्व नै हो । नीति र नेतृत्व प्रति विश्वास बोकेका लाखौं कार्यकर्ता र तिनको विश्वास हो । बारम्बार तिखारिएको नीति र नेतृत्व भएमा मात्र उसले देश र जनतालाई सहि किसिमले अघि बढाउन सक्छ । माथि सहि भए मात्र तल सम्म सहि भएर जान्छ । मूलबाटै धमिलो पानी निस्किएमा तल संलो पानी बग्दैन । पृथ्वीविचारको तिखारिरहनुको अर्थ र मर्म सबभन्दा पहिला दलहरुले बुझ्नु पर्दछ र पहिला आफैबाट तिखार्ने अभियान थाल्नु पर्दछ । शिरदेखि तिरसम्म तिखार्ने अभियानलाई निरन्तरता दिनु पर्दछ । साँचै राजनीति तिखारिएर खियारहित भयो भने यसले सबै क्षेत्रलाई सकारात्मक प्रभाव दिन थाल्दछ । तिखारिएको खियारहित राजनीति क्षेत्र प्रशासन क्षेत्र भएमा मात्र सबै क्षेत्रले चौतर्फी सफलता हासिल गर्दै त्यो मुलुक अगाडि बढ्न सक्छ भन्ने पृथ्वीविचारको सार र धार मुलुक हाँक्ने सबैले सधैं मनन गर्नु पर्दछ । सबैलाई तिखार्ने र सबैका विकृति निखार्ने पृथ्वीविचारको सार र धार बुझेमा पृथ्वीविचार आफैमा तिखार्ने अभियानको प्याकेज सबैले फेला पारेको हुनेछ । ***-डिसी नेपाल डटकम***

## Opinion @ Social Network

जिन्दगी बस सारङ्गीको तार सरह रेटिदै छ
तर धुन भने अझै बज्न सकेको छैन ।
*(पवन खाम्चाको फेसबुक स्टाटसबाट www .facebook .com/Mijas.magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मित्रबाट विशेष सहयोग मिल्नेछ । विनाप्रतिस्पर्धा फाइदा हुने योग छ । | **तुला** : वैदेशिक क्षेत्रको कार्य अघी बढ्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाईनेछ । |
| **वृष** : साहित्य तथा संगीतमा रुचि बढ्नेछ। अध्यापन सफल रहेको छ । | **वृश्चिक** : अधुरा कामहरू पुरा हुनेछन्। रतिराग बढाउने समय छ । |
| **मिथुन** : कार्यमा सफलता मिल्नेछ । अरुलाई प्रभावित पारी काम बन्नेछ । | **धनु** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । परोपकारका क्षेत्रमा लगानीको समय छ। |
| **कर्कट** : क्षमतामा कमी आउनेछ । आफ्नै कमजोरीले विवादमा परिएला । | **मकर** : समाजसेवामा मन लाग्नेछ । व्यापारबाट लाभ प्राप्ति हुने योग छ । |
| **सिंह** : प्रतियोगितात्मक क्रियाकलापबाट लाभ मिल्नेछ । कार्यमा सफलता पाईनेछ । | **कुम्भ** : कान्ति र शान्ति छाउनेछ । श्रमको उचित मुल्याङ्कन हुनेछ । |
| **कन्या** : रमाइलो यात्राको योग छ । मित्रबाट सोचेजस्तो लाभ प्राप्त हुनेछ । | **मीन** : साना समस्यामा अल्झिनु पर्नेछ। पाचनप्रणालीमा समस्या देखिनसक्छ । |

मनोरञ्जन

# गायक सुशान्तले हटाए युट्युबबाट भिडियो



चर्चित गायक सुशान्त केसीले आफ्नो पछिल्लो गीत 'झ्याल बाट'को भिडियो युट्युबबाट हटाएका छन् । भिडियोमा अभिनेत्री उपासना सिंह ठकुरी प्रहरीको पोसाकमा प्रस्तुत थिइन् । अनुमतिबिना प्रहरीको पोसाक प्रयोग हुन गएको भन्दै सुशान्तले युट्युबबाट भिडियो हटाएका हुन् ।

उनले सामाजिक सञ्जालमा एक भिडियो सन्देश जारी गर्दै अनुमतिबिना प्रहरीको पोसाक प्रयोग भएकोप्रति माफी समेत मागेका छन् । 'हाम्रो भिडियोमा पुलिसको युनिफर्म प्रयोग भएको थियो । केही निश्चित दृश्यका लागि हामीले नेपाल पुलिसबाट अनुमति लिनुपर्ने भयो' उनले भने, 'त्यसैले अहिलेका लागि भिडियो हटाउनुपर्ने भयो । अब हामीले के गर्ने भनेर टिमसँग बसेर सोँचिरहेका छौँ । सुट गरिरहेका छौँ । थप जानकारी दिने नै छौँ । यसका लागि सबैसँग माफी पनि माग्छु ।' भिडियोमा सुशान्त स्वयंमले समेत अभिनय गरेका थिए । प्रहरी प्रधान कार्यालयले केही महिनाअघि मात्रै विज्ञप्ति जारी गर्दै भिडियोमा नेपाल प्रहरीको पोसाक प्रयोग गर्दा अनुमति अनिवार्य भनेको थियो ।

*-लोकान्तर डटकम*


## सूचना ! सूचना !! सूचना !!!

यस मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी सस्था लि.को दशौं वार्षिक साधारण सभा हुने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कारणवस निमन्त्रणा कार्ड प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०८०/०९/२१ गते शनिबार**

**समय : बिहान ११ बजे**

**स्थान : पाल्पा उद्योग वाणिज्य संघको सभाहल**
**ता.न.पा.-३, भगवतीटोल**

अनुरोधक

**मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि.**

**तानसेन, पाल्पा**

**सम्पर्क नम्बर : ०७५-५२१४०५, ९७६२५९०८०५**


# पलले 'मायावी' भ्याए, म्यूजिक भिडियो थाले



जेल जीवनभन्दा अघि अभिनेता पल शाहले लगभग एक्लैले म्यूजिक भिडियो इन्डस्ट्री धानेका थिए । उनी जेल गएपछि एकखालको सन्नाटा छाएको थियो । म्यूजिक भिडियो बन्न कम मात्र भएनन्, युट्युबमा भ्यूजकै समेत खडेरी देखिएको थियो । उनी जेलबाट रिहा भएपछि भने म्यूजिक भिडियो क्षेत्रमा चहलपहल फर्किएको छ । यो बीचमा उनले मात्र दुई दर्जनभन्दा बढी म्यूजिक भिडियो गरे । यसबीच, उनले आफ्नो कमब्याक फिल्म 'मायावी'को समेत छायांकन पूरा गरिसकेका छन् । भदौदेखि उनले यो फिल्मलाई समय दिएका थिए ।

छायांकन सुरु हुनअघि पोखरामा अभिनेता अनुप बरालबाट 'मेथर्ड एक्टिङ' समेत सिकेका थिए । कमब्याक फिल्म भएकाले उनी 'मायावी'लाई लिएर गम्भीर छन् । करिअरका लागि यो फिल्म व्यावसायिक रुपमा सफल हुनैपर्ने दबाबमा उनी छन् । यही शनिबार पोखरामा फिल्मको छायांकन पूरा गरेका उनले आइतबारदेखि पाइपलाइनमा रहेका म्यूजिक भिडियोलाई समय दिन थालेका छन् । उनी पोखराबाटै एक म्यूजिक भिडियोका लागि घान्द्रुक उक्लिए । अब उनी केही समय म्यूजिक भिडियोमा नै काम गर्ने योजनामा रहेको जनाइएको छ । फागुनदेखि उनले निर्देशक एभरेष्ट सूर्य बोहोराको नयाँ फिल्म 'अवतार'लाई समय दिनेछन् । पल जेलबाट मुक्त भएपछि आफ्नै लगानीमा फिल्म बनाउने तयारीमा थिए । त्यसका लागि उनले 'प्रकाश' लेखक विकास सुवेदीको साहरा लिएका थिए । र, दुवैले फिल्म निर्देशनको प्रस्ताव दिनेश राउतलाई गरे । तर, स्क्रिप्ट लेखनमा केही समय लाग्ने भएपछि पल 'मायावी'मा जोडिए । सम्भवतः पलले निर्देशक बोहोराको फिल्ममा काम गरिसकेपछि आफ्नै लगानीमा फिल्म बनाउन सक्नेछन् । *-फिल्मी खबर डटकम*


तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## तानसेन नगरकार्यपालिकाको कार्यालयको कर तथा शुल्क संकलन सम्बन्धी सिलवन्दी बोलपत्र आह्वानको सूचना

***प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२०***

तानसेन नगरपालिकाको आन्तरिक आय तथा आय (ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. १४ मा पर्ने रिडीमा २०८० सालको माघेसक्रान्ती मेला अवधि भर तोकिएको दररेटमा पाकिङ्ग शुल्क संकलन, मनोञ्जन कर संकलन र विटौरी शुल्क संकलन गर्न र ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर आगामी ५ वर्ष सम्मको लागि भाडामा लगाउन १५ दिनको म्याद राखी यो बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पूर्वक बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

१. बोलपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी बोलपत्रफारम खरिद गर्न सकिने छ ।
२. **बोलपत्र फारम खरिद गर्ने मिति :** सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र ।
३. **सिलवन्दी बोलपत्र दाखिल गर्ने मिति :** आ.व.२०८०/०८१ सम्मका लागि नवीकरण भएको संस्था/फर्म/कम्पनीको ईजाजतपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७९/०८० सम्मको कर चूक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको बोलपत्र साथ संलग्न गरी सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपूर्वक पेश गर्नुपर्नेछ ।
४. **वोलपत्र खोल्ने समय :** सूचना प्रकाशित भएको मितिले १६ औं दिनको २ बजे बोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
६. बोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०८० साल फागुन मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । सटर भाडाको हकमा कबोल सटरभाडा अंकको ४ महिना बराबरको रकम धरौटी जम्मा गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा बोलपत्रदाताको हुनेछ ।
८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ । सटर भाडाको हकमा लागु हुनेछैन ।
९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि २०८० साल माघ ७ गते सम्मको लागि मात्र हुनेछ । सटर भाडाको हकमा आगमी ५ वर्ष सम्म कायम रहनेछ ।
११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नुपर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमशः दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१२. ठेक्का अंक रकम एकमुष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरी घटाइने छैन । सटर भाडाको हकमा लागु हुनेछैन ।
१३. बोलपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ ।
१४. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक अंक रु. | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 04/080/081 | माघे सक्रान्ती मेला रिडीमा कर तथा शुल्क संकलन | रु. १०,००,०००। | रु. १०००।०० | बोलपत्र |
| ER/ 05/080/081 | ता.न.पा. वडा नं. ७ को वडा कार्यालय रहेको भवनको ११ वटा सटर भाडा | मासिक रु. ६७२३५। | रु. १०००।०० | बोलपत्र |

***तानसेन नगरपालिका कार्यालय***


# अप्ठ्यारो नामका सजिला गायक डिजराज पौडेल



हुन त धेरैतिर भनेको सुनिन्छ- नाममा के छ र ? कुनै व्यक्ति, जनावर वा वस्तुलाई चिनाउन नाम प्रयोग गरिन्छ । यो एक हिसाबले पहिचान हो । हिजोआज अरुले धेरै प्रयोग नगरेको नाम राखेर बच्चाको न्वारान गरिदिने चलन छ, किनकि 'युनिक' नाम हुँदा अरुले सहजै चिन्छन् पनि । तर कतिपय अवस्थामा अत्यन्त दुर्लभ र झट्टै अर्थ दिने नाम नहुँदा सकस पनि भोग्नुपर्ने रहेछ । त्यसैमध्येको एक उदाहरण हुन् गायक डिजराज पौडेल । डिजराजलाई आफ्नो नाम मन नपर्ने होइन, तर सांगीतिक क्षेत्रमा आफू यसैकारण अलि ओझेलमा परेको हो कि जस्तो लाग्छ । 'तिमी आउने बाटोमा' जस्तो लोकप्रिय गीतका यी गायक अरुले गीतले चिन्ने तर नामले नचिन्ने अप्ठ्यारो भोगिरहेका छन् । 'धेरै ठाउँमा मलाई कार्यक्रममा बोलाउनुहुन्छ । मेरो नामै शुद्धसँग उच्चारण गरिदिनुहुन्न धेरै ठाउँमा । कतिले आउँदैहुन्छ डिजेराज भनिदिनुहुन्छ, यस्तो सुन्दा योङ दर्शकहरु डिजे राजु पो आउन लागेको हो कि भनेर बेग्लै हुटिङ गर्छन्,' उनी सुनाउँछन्, 'अनि म स्टेजमा पुग्दा आउट भनेको हुटिङ पनि सुन्छु । जब मेरा चर्चित गीतको एक लाइन सुनाउँछु अनि उहाँहरु ए यो गीत तपाईंको पो हो । राम्रो लाग्छ भनेर भन्नुहुन्छ ।' डिजराजको यो दुःखेसोमा नामप्रतिको आक्रोश होइन, आफैंले नामलाई ब्राण्डिङ गर्न सकिएन कि भन्ने पनि हो । नाममा 'कन्फ्युज' भए पनि उनका गीतमा भने श्रोता-दर्शक पटक्कै कन्फ्युज छैनन् । अहिले पनि स्टेजमा उनको माग उत्तिकै छ जतिबेला 'तिमी आउने बाटोमा' सुपरहिट भएको बेला थियो । स्टेजमा दर्शक तताउने र मन्त्रमुग्ध पार्ने एकसे एक गीत छन् उनका । 'तिमी आउने बाटोमा फूल रोपिदिएँ' त उनको सिग्नेचर गीत नै भइहाल्यो । त्यसबाहेक 'सुनैको दरबार दिन तिमीलाई सक्दिनँ', 'चोका परेपछि', 'तिमी करोडमा म त रोडमा', 'फूलबुट्टे सारीमा,' सुनको पैंचो सुनैले तिरौंला' उनको रुचाइएका गीत हुन् । कन्सर्टमा यी गीत सुन्न श्रोताले वान्समोरको हुटिङ नै गरिरहेका हुन्छन् । डिजराजको नाम उनका बुबाले अरुभन्दा फरक हुन्छ भनेरै राखिदिएका थिए । न्वारानमा 'ड' बाट नाम राख्नुपर्ने भएपछि उनका बुबाले छोराको नाम 'डिजराज' राखिदिए । खासमा आफ्नो नामको शाब्दिक अर्थ नै भेटेका छैनन् डिजराजले । 'तर पनि नामसँग खास गुनासो त होइन, स्टेजमा सही रुपमा उच्चारण गरिदिएर गीत मात्र होइन, नामको पहिचान पनि बनाइदिन सहयोग गरिदिए हुन्थ्यो भन्ने मेरो आग्रह हो,' उनी भन्छन् । सिन्धुलीको दुधौली नगरपालिका स्थायी घर भएका डिजराजको सानैदेखिको सपना नै गायक बन्ने थियो । गायक बन्न सिन्धुलीदेखि काठमाडौंसम्मको यात्राको आफ्नै कथा छ । सुरुमा शिक्षण पेशा गरेका उनलाई गायकहरु रामकृष्ण ढकाल, यम बराल, राजेशपायल राईजस्तै आफ्नो पहिचान बनाउँछु भन्ने थियो । उनले नेपाली सुगम संगीतमा आफ्नो जबर्जस्त पहिचान पनि बनाएका छन् । तर उनलाई लाग्छ नामको 'पहिचान' चाहिं अझै बनेन कि !

*-अनलाइन खबर डटकम*


## मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेष्ता कायम नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त निवेदक पाल्पा जिल्ला साविक गोठादी-७ हाल तिनाउ गा.पा. ३ निवासी हरिकला दर्लामी भन्ने हरिकला थापाले आफ्नो पतिको नाममा रहेको साविक गोठादी-७ कि.नं. ८६, ८७, १६८ को जग्गाको जग्गाधनी प्रमाण पूर्जा हराएकोले पति हस्तबहादुर दर्लामी भन्ने हस्तविर थापाको नाममा श्रेष्ता कायम गरी आफ्नो नाममा नामसारी गरिपाउँ भनी तिरो रसिद, नागरिकता प्रतिलिपि, मृत्यु दर्ताको प्रतिलिपि, नाता प्रमाणित, प्लट रजिष्टर उतार, तिनाउ गा.पा.-३ च.नं. २५५, २५६ मिति २०८०/०८/४ को सिफारिस, मुचुल्का समेत राखी मिति २०८०/८/१३ मा निवेदन दिनुभएको ।

यसमा पाल्पा जिल्ला साविक गाठादी-७ को कि.नं. ८६, ८७, १६८ को जग्गाको जग्गाधनी प्रमाण पूर्जा हराएको हो या होइन ? उक्त जग्गा हाल कसको हकभोगमा रहेको छ ? निवेदक हरिकला दर्लामी भन्ने हरिकला थापाको हकभोग छ वा छैन ? जग्गाधनी हस्त बहादुर दर्लामी भन्ने हस्तविर थापाको मृत्यु भएको हो या होइन ? जग्गाधनी हस्त बहादुर दर्लामी भन्ने हस्तविर थापा र हस्त बहादुर दर्लामी मगर व्यक्ति एउटै हो वा होइन ? माथि उल्लेखित कि.नं. को जग्गा जग्गाधनीले कहींकतै बेचविखन वा अन्य कुनै तरिकाले हकहस्तान्तरण गरेका छन् या छैनन् ? माथि उल्लेखित कि.नं का जग्गा हालसम्म किन श्रेष्ता कायम नगरिएको हो ? उक्त जग्गा जग्गाधनीका नाममा श्रेष्ता कायम गरी निवेदक हरिकला दर्लामी भन्ने हरिकला थापाका नाममा नामसारी गरिदिन मिल्छ कि मिल्दैन ? जग्गाधनीका नाममा श्रेष्ता कायम गरी निवेदक हरिकला दर्लामी भन्ने हरिकला थापाका नाममा नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन ? निवेदकको मागदाबी बमोजिम जग्गाधनी हस्त बहादुर दर्लामी भन्ने हस्तवीर थापाका नाममा श्रेष्ता कायम गरी निवेदक हरिकला दर्लामी भन्ने हरिकला थापाका नाममा नामसारी गरिदिँदा कोही कसैलाई असर पर्ने भएमा वा श्रेष्ता कायम नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुनबमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

इति सम्वत २०८० साल मंसिर १९ गते रोज ३ शुभम् ।

# पाल्पाको सिद्धबाबा मन्दिर नजिकै पुरुष मृत फेला

**पाल्पा,** मंसिर १९/पाल्पाको सिद्धबाबा मन्दिर नजिकै एक पुरुष मृत अवस्थामा फेला परेका छन् । सिद्धार्थ राजमार्ग अन्तर्गत तानसेन बुटवल खण्डको तिनाउ गाउँपालिका-३, तल्लो सिद्धबाबा नजिकै अन्दाजी ५५ वर्षीय पुरुष मृत फेला परेका हुन् ।

मंगलबार बिहान राजमार्ग छेउको नालीमा घोप्टो अवस्थामा पुरुष मृत फेला परेको र पुरुषको हालसम्म पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी सुगन्ध श्रेष्ठले जानकारी दिए । प्रहरीका अनुसार मृतक पुरुष विगत केही समयदेखि सिद्धबाबा मन्दिर आसपासमा मागी खाने र सोही स्थानमा बस्दै आएका हुन् । उनको शव



पोष्टमार्टमका लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा पठाइएको र थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# गुल्मीमा सुन्तला उत्पादन घट्यो



**तम्घास (गुल्मी),** मंसिर १९/गुल्मीमा यसवर्ष सुन्तला उत्पादन घटेको छ । गत वर्षको तुलनामा यसवर्ष तीन सय ६६ मेक्ट्रिन टन सुन्तला उत्पादनमा कमी आएको कृषि ज्ञान केन्द्र, गुल्मीले जनाएको छ ।

गतवर्ष जिल्लामा छ हजार नौ सय ३८ दशमलव चार मेक्ट्रिक टन सुन्तला उत्पादन भएको थियो भने यसवर्ष छ हजार पाँच सय ७२ दशमलव चारमेक्ट्रिक टन मात्रै उत्पादन भएको कृषि ज्ञान केन्द्र, गुल्मीले जनाएको छ । गतवर्ष गुल्मीमा रु २९ करोड ३७ लाख दुई हजार चार सय ७२ को सुन्तला उत्पादन भएकोमा रु १३ करोड २१ लाखको निर्यात भएको थियो भने यसवर्ष रु २३ करोड ७८ लाख ५५ हजार एक सय ५६ बराबरको सुन्तला उत्पादन भएकोमा रु १२ करोड ८४ लाखको मात्रै निर्यात हुने अपेक्षा गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । यसवर्ष सुन्तलाको औसत मूल्य प्रतिकेजी रु ४८ तोकिएको छ । फल पातलो लाग्नु, दाना सानो हुनु, फल झर्नु, किसान परम्परागत खेतीमा नै निर्भर हुनु जस्ता कारणले सुन्तला उत्पादन घटेको कार्यालयले जनाएको छ । सुन्तला बगैंचामा मलखादको प्रयोग नहुनु, सिँचाइको अभाव, बोटबिरुवाको काँटछाँटमा ध्यान नदिनु जस्ता कारणले उत्पादनमा कमी आएको कार्यालयको भनाइ छ । जिल्लामा कूल एक हजार २७ हेक्टर क्षेत्रफलमा चार लाख १० हजार आठ सय सुन्तलाका बिरुवा छन् । जसमध्ये ६० दशमलव छ प्रतिशत बोटमा फल लागेको छ । **-रासस**


# रानीवन तथा वडभान...

...चारैतिर पक्की पर्खाल, भूइँमा सोसेको पानी बोटबिरुवाले उपयोग गरुन् भनेर माटो मुछेर समथर बनाएर पानी संकलन हुने संरचना बनाइएको छ । पोखरीदेखि करिब सातसय मिटर टाढा रहेको सपाङ्गी खोलाबाट पाइप विच्छ्याइएर नियमितरुपमा पानी ल्याइएको छ । यसले वन्यजन्तु र चराचुरुङ्गीलाई पानी उपभोग गर्न अति सहज भएको छ ।

रामपुरको मुख्य बजारदेखि माथिल्लो भागमा वनको बीचमा पोखरी निर्माण गरिएपछि अहिले त्यहाँ अवलोकन गर्न आउने पर्यटकको आकर्षण बढ्न थालेको युवा तुलबहादुर राना बताउँछन् । यहीँ क्षेत्रमा दृश्यावलोकन स्तम्भ निर्माणाधीन अवस्थामा रहेको र सम्पन्न भएपछि कालीगण्डकी बेँसीको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । बरडाँडाको माथिल्लो भागमा स्थानीयवासीको बसोबास रहेकाले घरबास (होमस्टे) सञ्चालन गरेर आयआर्जन गर्न सकिन्छ । लखनपार्क क्षेत्रमा लखनपार्क, शौचालय, विश्रामस्थल, चौतारी निर्माण गरिएको छ । अन्य संरचना पनि निर्माण गर्दै जाने समितिले जनाएको छ । यो क्षेत्र कालीगण्डकी करिडोर सडकखण्डले घेरेको र नजिकै कालीगण्डकी नदी, आडैमा अर्धेरीखोला बगेकाले पर्यटलाई आकर्षण गर्न सक्ने देखिन्छ । उपभोक्ताको आयआर्जन वृद्धि गर्न काँसजरी क्षेत्रमा वनको पतझर संकलन गरी प्राङ्गारिक मल उत्पादन, वडभान क्षेत्रमा करिब तीन हेक्टर जमिन अम्रिसो, तेजपत्ता खेती गरिएको छ । वन समूहमा पाँच सय ५० उपभोक्ता घरधुरीबाट दुई हजार सात सय २५ जनसंख्या प्रत्यक्ष लाभान्वित छन् । वनको पूर्वाधार विकास, उपभोक्ता हितका लागि १७ जनाको मूल समिति सक्रिय भएर लागेको छ । समय-समयमा झाँडी सरसफाइ कार्यले वनलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सहज भएको छ । विसं २०४०/४२ देखि स्थानीय उपभोक्ताले संरक्षण गर्दै आइरहेको यस वन विसं २०४७ मा समितिलाई हस्तान्तरण गरिएको हो ।

## खेलकुद समाचार

# डी जिया न्युक्यासल आउने



**काठमाडौं,** मंसिर १९/घाइते हुँदै गोलकिपर निक पोप लामो समय मैदानबाहिर रहने भएपछि न्युक्यासल युनाइटेडले म्याचेस्टर युनाइटेडका पूर्वगोलकिपर डेभिड डी जियालाई भित्र्याउन इच्छा देखाएको छ । पोप गत शनिबार म्यानचेस्टर युनाइटेड विरुद्धको खेलमा लड्दा उनको काँधमा चोट लागेको थियो । उनको चोटको पूर्ण रिपोर्ट आउन बाँकी भए पनि उनले कम्तीमा पाँच महिना गुमाउने बताइएको छ ।

पोप बाँकी सिजन मैदानबाहिर रहने भएपछि न्युक्यासलले डी गेयालाई भित्र्याउने तयारी गरेको समाचार डेली मेलले प्रकाशित गरेको छ । युनाइटेडसँगको करार समाप्त भएपछि स्पेनिस गोलकिपरले नयाँ क्लब पाएका छैनन् । केही समयअघि उनलाई क्रिस्टियानो रोनाल्डोको अल-नासर र लियोनेल मेस्सीको इन्टर मियामीले भित्र्याउने इच्छा देखाएको समाचार प्रकाशित भए पनि दुवैतिर कुनै प्रगति हुन सकेको थिएन ।

अहिले प्रिमियर लिगमा फर्किने चर्चा चलिरहँदा उनलाई स्टीभन जेरार्डको साउदी टोली अल-इत्तेफाकबाट पनि अफर आएको बताइएको छ । घाइते हुन अघि पोपले यो सिजन प्रिमियर लिगमा सबैभन्दा बढी क्लिन सिट राख्न सफल भएका थिए । घाइते भएपछि इंग्ल्याण्डको युरो २०२४ को टोलीमा पर्ने उनको चाहनालाई ठूलो धक्का लागेको छ ।


**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा दोहोरो अंकको गिरावट



**पाल्पा,** मंसिर १९/यो साता कारोबारको लगातार तेस्रो दिन पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक घटेको छ । मंगलबार नेप्से परिसूचक १० दशमलव १० अंकले घटेर एक हजार आठ सय ३७ दशमलव ७१ को विन्दु कायम भएको हो ।

दुई सय ९२ कम्पनीको ४६ लाख ९८ हजार छ सय ८२ कित्ता शेयर ३८ हजार पाँच सय ८४ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ५४ करोड ४९ लाख ३५ हजार चार सय ३८ बराबरको कारोबार भएको छ । जीवन बीमा समूह शून्य दशमलव १६ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह दुई दशमलव ५७ र होटल तथा पर्यटन समूह एक दशमलव ७१ प्रतिशतले घटेको छ । सिँगटी हाइड्रो लिमिटेडको शेयर मूल्यमा सकारात्मक ‘सर्किट’ लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने विशालबजार कम्पनी लिमिटेडको शेयर मूल्य नौ दशमलव ५३ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा आज सबैभन्दा धेरै माउन्टेन इनर्जी नेपाल लिमिटेडको रु ३६ करोड २९ लाख ५७ हजार चार सय २४ बराबरको आठ लाख ३१ हजार तीन सय ५० कित्ता शेयर किनबेच भएको छ ।


मनको आवाज............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारिक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई